# भूमे साप्ताहिक

वर्ष ४ अङ्क ११ २०७९ फागुन २४ बुधबार




सम्पादकीय

## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको शुभकामना

आज ८ मार्च (फागुन २४)- लैङ्गिक समानता, महिला अधिकार एवं समान कामका लागि समान ज्यालाको आवाज उठाएर महिलाहरु आन्दोलनमा उत्रिएको ऐतिहासिक दिन। महिलाहरुलाई आफ्नो अधिकार प्राप्तिका लागि लड्ने प्रेरणा दिएको दिन- अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस। यस गौरवमय दिनको अवसरमा भूमे साप्ताहिक परिवारको तर्फबाट समस्त महिला दिदीबहिनीहरुमा हार्दिक शुभकामना।

समान कामको समान ज्याला लगायतका मागसहित शुरु भएको ऐतिहासिक महिला आन्दोलनले ११३ वर्ष पार गरिसकेको छ तर अझैं पनि आन्दोलनको मूल एजेन्डा फेरिएको छैन। अहिले पनि महिलाले महिला भएकै कारण हुने लैङ्गिक विभेद, शोषण र असमानताको सामना गर्नु परिरहेको छ। महिला हिंसा नेपाली समाजको डरलाग्दो चुनौतीका रुपमा मात्रै खडा भएको छैन, सामाजिक कलङ्कको रुपमा समेत रहेको छ। प्रविधिको विकासले फड्को मारिरहँदा महिलामाथि प्रविधिकै दुरुपयोग गरी हिंसाका भयावह घटनाहरु हुने गरेका छन्। त्यसैले प्रविधिको दुरुपयोगबाट हुने हिंसाबाट बच्न महिला आफैले प्रविधिको ज्ञान प्राप्त गर्न आवश्यक छ।

हाम्रो देशको सन्दर्भमा विभिन्न कालखण्डमा भएका राजनीतिक, सामाजिक तथा लैङ्गिक आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा लैङ्गिक समानता, समानुपातिक/समावेशीमूलक प्रणालीको व्यवस्था भएको छ। महिलापक्षीय थुप्रै ऐन कानुनहरु निर्माण भएका छन् तर तिनको व्यवहारिक कार्यान्वयन भएको देखिदैन। बाध्यात्मक कानुनहरु कार्यान्वयन गरिए पनि कार्यकारी जिम्मेवारीमा महिलाहरुको उपस्थिति निकै कम रहेको छ। अतः राज्यका हरेक निकायमा महिलाहरुको अर्थपूर्ण र कार्यकारी उपस्थिति जरुरी छ। त्यसले मात्रै महिला दिवस मनाउनुको सार्थकता हुनेछ।


प्रकाशक

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# भूमेमा मनाइयो अन्तर्राष्ट्रिय महिला दिवस



❖ **बालाराम शेर्पाली**

११३ औं अन्तर्राष्ट्रिय महिला दिवस भूमे गाउँपालिकामा विविध कार्यक्रमको आयोजना गरी भव्यताका साथ मनाइएको छ। लैङ्गिक समानताका लागि बलियो आधार, सिर्जनात्मक प्रविधिमा महिलाको बिस्तार भन्ने राष्ट्रिय नाराका साथ विभिन्न कार्यक्रम गरी महिला दिवस मनाइएको हो।

कार्यक्रममा महिलामाथिको श्रम शोषण, हिंसा, अवहेलना, दुर्व्यवहार, बलात्कारदेखि हत्यासम्मका घटनाहरु रोक्न सबै एकताबद्ध हुनुपर्नेमा जोड दिइएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै भूमे गाउँपालिका उपाध्यक्ष सबिना बुढाले महिलाहरूले सामाजिक चेतना विकासमा जोड दिनुका साथै राजनीतिक पहुँच बढाउनु पर्नेमा जोड दिनुभयो। उहाँले न्यायमा समानताको हक खोज्ने, आर्थिक र उत्पादनको क्षेत्रमा अघि बढ्दै श्रमको मूल्य सम्मानजनक र समान हुनुपर्ने पनि बताउनु भयो।

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सबिना बुढा प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, वडा अध्यक्षहरु, शिक्षक, विद्यार्थी, समाजसेवी एवं सर्वसाधारणको सहभागिता रहेको थियो।

कार्यक्रमको सञ्चालन भूमे गाउँपालिका महिला शाखाका धनिषा पुनले गर्नुभएको थियो। औपचारिक कार्यक्रम शुरु हुनुअघि विभिन्न संघसंस्था र स्थानीयबासी महिला सहभागी र्‍यालीले खाबाङबगर बजार परिक्रमा गरेको थियो।

यसैबीच अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा विद्यार्थीहरुको वक्तृत्वकला, लोक गीत र सडक नाटक प्रस्तुत गरिएको थियो। माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा भूमे गाउँपालिका २ त्रिवेणी मावि काँक्रीका आस्था बिक प्रथम हुनुभएको थियो। त्यस्तै भूमे ६ स्थित जनजागृति मावि महतका प्रिय पुन द्वितीय, भूमे ३ सिमास्थित सहिद शुक्र माविका कुसुम रोका तृतीय र सान्त्वना पनि सहिद शुक्र मावि सिमाकै कल्पना बिक हुनुभएको थियो।

कार्यक्रममा सहिद शुक्र मावि भूमे ३ सिमाका विद्यार्थीहरुले जनचेतनामूलक सडक नाटक प्रदर्शन गरेका थिए।

# डालिबाङमा आधारभूत स्वास्थ्य इकाई उद्घाटन

❖ **बालाराम शेर्पाली**

भूमे गाउँपालिका वडा नम्बर ५ डालिबाङमा आधारभूत स्वास्थ्य इकाई उद्घाटन गरिएको छ। आइतबार एक कार्यक्रमको आयोजना गरी भूमे गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले आधारभूत स्वास्थ्य इकाईको उद्घाटन गर्नुभएको हो।




गाउँमै आधारभूत स्वास्थ्य इकाई स्थापना भएपछि यसअघि सामान्य बिरामी पर्दा पनि जिल्ला अस्पताल रुकुमकोट जानुपर्ने डालिबाङबासीलाई सहज भएको छ।

टाउको दुख्दा, ज्वरो आउँदा सिटामोल खोज्न पनि आफू जिल्ला अस्पताल रुकुमकोट पुग्नुपरेको दुःख सुनाउँदै भूमे ५ डालिबाङकी थकुकुमारी परियारले अब त्यस्तो दुःख हटेकोमा खुसी व्यक्त गर्नुभयो। परियारले खुसी हुँदै भन्नुभयो, 'गाउँमा कुनै पनि स्वास्थ्य इकाई नहुँदा सामान्यदेखि जटिल खालका समस्या हुँदा जिल्ला अस्पताल रुकुमकोट जानुपर्ने बाध्यता थियो, अब हामीलाई गाउँमै सानो तिनो समस्या पर्दा औषधी उपचार पाउने भयौं।'

आधारभूत स्वास्थ्य इकाई उद्घाटन कार्यक्रममा बोल्दै भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश क्षेष्ठले अब डालिबाङबासी सिटामोलकै लागि जिल्ला अस्पताल जानुपर्ने बाध्यता अन्त्य भएको बताउनु भयो। गाउँपालिकाको सबैभन्दा विकटको वडा भएको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले वडाका महिलाहरुको स्वास्थ्यलाई ध्यानमा राखी जति सक्दो छिटो आधारभूत स्वास्थ्य इकाईमा प्रसूति गृह पनि सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

भूमे गाउँपालिका वडा नं. ५ का अध्यक्ष टेकप्रसाद बुढाले अब ठूला र दीर्घ रोग एवं अप्रेसनबाहेकका बिरामीहरुलाई आधारभुत स्वास्थ्य इकाईबाटै औषधी उपचार गरिने बताउनु भयो।

सामुदायिक स्वास्थ्य इकाईले आइतबारदेखि नै सेवा शुरु गरिसकेको छ। वडा अध्यक्ष बुढाका अनुसार अहिले अहेव सन्तोष वलीले बिरामीलाई सेवा दिनुका साथै स्वास्थ्य इकाईको नेतृत्व गर्नुभएको छ।

आधारभूत स्वास्थ्य इकाई उद्घाटन कार्यक्रम वडा अध्यक्ष टेकप्रसाद बुढाको अध्यक्षता एवं भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको थियो।

विशेष अतिथिको रुपमा पालिका उपाध्यक्ष सबिना बुढा रहनुभएको कार्यक्रममा गाउँपालिका स्वास्थ्य सह संयोजक सञ्जीव खड्का, दलका प्रतिनिधि, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका र स्थानीयबासीको उपस्थिति रहेको थियो।

# वडामा भौतिक पूर्वाधारको विकासमा जोड दिएको छु

- **नारायण पुन, भूमे गाउँपालिका वडा नं. २ का अध्यक्ष**




**वडा अध्यक्षमा निर्वाचित हुनुभयो, वडाको समग्र विकासका लागि के कस्ता योजना बनाउनु भएको छ?**

स्थानीय तहको निर्वाचनमा म गत वैशाखमा भूमे गाउँपालिका वडा नं. २ को अध्यक्षमा निर्वाचित भएँ। हाम्रो वडाबासीले मलाई यहाँको नेतृत्व तिमीले गर भनेर निर्वाचित गरेर पठाउनु भएको छ। सबैभन्दा पहिला म वडाबासी सबैलाई धन्यवाद व्यक्त गर्दछु।

वडाको नेतृत्वमा आइसकेपछि करिब करिब १० महिना पूरा गरिसकेको छु। भौगोलिक रुपमा जिल्ला नै विकट भएको हुँदा त्यसबाट हामी पनि अछुतो छैनौं। त्यसैले १० महिनाको बीचमा वडाको समग्र भौतिक विकासमा हामी बढी केन्द्रीत भएका छौं। विकट क्षेत्र भएकाले सडक नपुगेका ठाउँसम्म सडक पु¥याउने, खानेपानीको व्यवस्था गर्ने, सम्भव हुने ठाउँहरुमा सिँचाइको व्यवस्था गर्ने जस्ता कामहरु नै बढी प्राथमिकतामा परेका छन्।

वडा अध्यक्षको रुपमा मैले अझैं पूरै ४ वर्ष काम गर्नेछु। त्यसका लागि मैले वडामा के के गर्न सकिन्छ भनेर कार्ययोजना नै बनाएको छु। मेरो कार्यकाल नसकिँदै सडक र सिँचाइको सुविधा नपुगेका वडाका सबै टोलहरुमा सडकको विस्तार र सिँचाइको सुविधा पु¥याउने सार्वजनिक प्रतिबद्धता नै गरिसकेको छु। त्यसलाई जसरी पनि मैले पूरा गर्नैपर्छ। त्यस्तै, खानेपानी काँक्रीको टोल बस्तीमा कान्ने खोला शुद्ध खानेपानी क्षेत्र घोषणा गरेको छु।

**भौतिक विकासका साथै वडाबासीको सीप विकासका लागि के कस्ता पहल गर्नुभएको छ नि?**

मैले माथि पनि कुरा गरेँ हाम्रो भौगोलिक बनावटले गर्दा तत्काल भौतिक पूर्वाधारहरु सडक, खानेपानी, विजुली, स्वास्थ्य, शिक्षा क्षेत्रमा धेरै काम गर्न बाँकी छ। त्यसमा हाम्रो धेरै बजेट खर्च हुन्छ। त्यससँगै वडाबासीको सीप, क्षमता विकास गर्न पनि हामीले काम गरिरहेका छौं। युवा तथा महिलालक्षित कार्यक्रमहरु सञ्चालन गरेर उनीहरुलाई आत्मनिर्भर बनाउने हाम्रो योजना छ। त्यसमा युवाहरुको रुचि भएका तालिमहरु सञ्चालन गर्ने, महिला दिदीबहिनीहरुका लागि सिलाइकटाइ तालिम चलाइराखेका छौं। पालिका तथा अन्य क्षेत्रबाट आउने अवसरहरुलाई सदुपयोग गर्दै विभिन्न कृषि क्षेत्रका तालिम होऊन् वा फलफूल खेतीमा आउने अवसरहरुलाई हामीले सदुपयोग गरिरहेका छौं।

हाम्रो वडाका काँक्री, खाबाङ, गाबाङ, सैपातसङ, दहबाङ आरुडाँडा पर्दछन्। यी टोल बस्तीहरुमा पूर्वी रुकुमदेखि

मध्यपहाडी लोकमार्गको सडक खाबाङबगर काँक्री हुँदै बाग्लुङसम्म छोएको छ। अन्य टोलहरुमा पनि कच्ची सडकको बिस्तार भइसकेको छ।

**वडामा कुन समुदायको बसोबास रहेको छ? जातको आधारमा हुने भेदभावको अवस्था कस्तो छ?**

हाम्रो वडाभित्र विभिन्न जातजाति र भाषाभाषीका मानिसको बसोबास रहेको छ। छन्त्याल, बुढा, पुन जस्ता मगर समुदाय र गुरुङ एवं दलित समुदायको बसोबास छ।

हाम्रो वडामा पहिलोजस्तो जातीय भेदभाव र छुवाछुतको अवस्था छैन। एकाध ठाउँमा केही रुढीवादी सोंच राख्ने मानिस भए पनि ७५ प्रतिशतभन्दा बढी स्थानीयबासीले जातीय भेदभाव गर्न छोडिसकेका छन्। युवा वर्गमा छुवाछुतको नाम नै हराइसकेको छ। तर केही बुढापाकाहरु दलित समुदायलाई सहज रुपमा लिन नसकेको र छुवाछुतलाई मानिरहेको देखिन्छ।

**जातीय भेदभावलाई अन्त्य गर्न वडा अध्यक्षको हैसियतले तपाई के पहल गर्न सक्नुहुन्छ?**

जातीय भेदभाव र छुवाछुत सामाजिक कलंक हो। यसलाई जरैदेखि निर्मूल पार्नुपर्छ। वडा तहबाट गाउँ बस्तीमा गर्न सकिने जनचेतनाका कामहरु हामीले जनप्रतिनिधि नहुँदा पनि गरिरहेकै थियौं। अहिले जनप्रतिनिधिको हिसाबले जिम्मेवारी बढेको छ।

जातीय भेदभाव र छुवाछुत प्रथा अन्त्य गर्न दलित लक्षित कार्यक्रम पनि सञ्चालन गर्छौं। कुरा बुझ्न नसकेका समुदाय, बस्तीमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरेर जागरण फैलाइरहेका छौं। सचेतना फैलाउँदा फैलाउँदै हुने गरेका छुवाछुतका घटनामा कानुनको दायरामा ल्याएर पनि न्यूनीकरण गर्ने अभियानमा छौं।

*प्रस्तुति : बालाराम शेर्पाली*

# नर्सिङ सेवाका कर्मचारीलाई जोखिम न्यूनीकरण तालिम



रुकुमपूर्वको भूमे गाउँपालिकामा आइतबारदेखि नर्सिङ सेवाका कर्मचारीहरुका लागि दुई दिने तालिम सम्पन्न भएको छ। तालिममा गर्भवती महिलाहरुमा हुने जोखिम कम गर्न स्वास्थ्यकर्मीहरुले के कस्ता उपाय अपनाउन सक्छन् भन्ने विषयमा सिकाइएको थियो।

भूमे गाउँपालिकामा रहेका स्वास्थ्य संस्थामा आबद्ध २८ जना नर्सिङ क्षेत्रका कर्मचारीहरुले उक्त तालिम लिएका हुन्।

भूमे गाउँपालिकाको आर्थिक सहयोग तथा आयोजनामा सम्पन्न दुई दिने तालिममा गर्भवती महिलाहरुमा हुने जोखिम कम गर्न, नवजात शिशुमा आमाको गर्भमा रहँदा लाग्ने विभिन्न रोगहरुबाट जोगिन तथा आमा र शिशु दुवैको मृत्यु हुन नदिन अपनाइने उपायहरुका बारेमा बताइएको थियो।

त्यस्तै, गर्भावस्थादेखि सुत्केरी हुँदासम्म कसरी स्याहार गर्ने, कुन समयमा कुन खोप लगाउने र गर्भवती महिलालाई कति महिनाको बीचमा कति पटक गर्भ जाँच गर्ने भन्ने बिषयमा तालिम सञ्चालन गरिएको रुकुमपूर्व स्वास्थ्य कार्यालयका निरीक्षक दिपा खड्काले बताउनु भयो।

# धार्मिक पर्यटकीय स्थल तीन बहिनी लेक चुनबाङ



❖ **चन्द्रसिंह श्रेष्ठ**

भूमे गाउँपालिकाको वडा नं ९ चुनबाङको तीन बहिनी धार्मिक स्थल पर्यटकीय गन्तव्यको रुपमा विकास भैरहेको छ। बराह मन्दिर रहेको उक्त स्थानमा पुजाका साथै सिस्ने हिमाल, मानाभरे हिमाल, पाठी भरे हिमाल, रोल्पाको विभिन्न स्थान र रुकुमको चुनबाङ, खोपिचार लगायतका स्थानहरुको एकैपटक अवलोकन गर्न सकिन्छ।

नेपाली समाज दलित लगायतका जातहरुलाई अछुतको व्यवहार गरी मन्दिर पस्न नदिने गरेको सन्दर्भमा त्यसको ठीक विपरित दलित पुजारी रहने व्यवस्था समेत उक्त मन्दिरमा रहेको छ।

उक्त स्थानसम्म पुग्नका लागि प्रदेश सरकारबाट चुनबाङ गैरीगाउँदेखि नै सुरु गरेर ट्रेकिङ पदमार्ग निर्माण भैरहेको छ। तीन बहिनी धार्मिक स्थलबाट चुनबाङ जनयुद्ध संग्रहालय, महत युद्ध फिचर, रुकुमकोटको कमल दह लगायतका अन्य गन्तव्य स्थानहरुमा पुग्न सकिन्छ।

| | |
|---|---|
| **पर्यटकीय गन्तव्यको नामः** | तीन बहिनी लेक |
| **स्थानः** | रुकुम) पूर्व (जिल्ला भूमे गाउँपालिका वडा नं ९ चुनबाङ |
| **विशेषता** | • धार्मिक तथा पर्यटकीय स्थल<br>• बराह मन्दिरमा वर्षमा एक पटक बोका पूजा गरिने<br>• उक्त स्थानबाट खोपिचार, लसुनबारी, चुनबाङको अधिकांश भाग, सिस्ने हिमाल, मानाभरे पाथी भरे हिमाल, रोल्पाको जुमा राङ्सी लगायतका स्थान देखिने |

| | |
|---|---|
| पहुँच, पूर्वाधार र अन्य सुविधाको अवस्थाः | • चुनबाङ गैरीगाउँबाट पैदल करिब ५ घण्टामा पुगिने<br>• प्रतिक्षालय तथा शौचालयको व्यवस्था |
| प्रस्तावित गन्तव्य नजिकका अन्य आकर्षक गन्तव्य | चुनबाङ भेरीडाँडा संग्रहालय (२ घण्टा), महत युद्ध फिचर (६ घण्टा), लाबाङ (६ घण्टा), थबाङ (७ घण्टा), रुकुमकोट कमल दह (४ घण्टा) |
| पर्यटकले समय व्यतित गर्न सक्ने आधार | • दृष्यावलोकन, मेडिटेशन<br>• पूजापाठ र अध्ययन अनुसन्धान |
| लोकप्रियता | परापूर्व कालमा तीन बहिनीले बराहको आरधना गरी मनोकांक्षा पूरा गरेको भन्ने किम्बदन्तीका साथै दलित पुजारी हुने मन्दिर |
| सुरक्षा प्रबन्ध/संरक्षण | नभएको |
| हालसम्मको भौतिक तथा वित्तीय लगानी र प्रतिफल | • आ.व. २०७४।०७५ मा गाउँपालिकाबाट रु. १५००००।- बजेट विनियोजन भई बराह मन्दिर निर्माण गरिएको<br>• आ.व. २०७५।०७६ मा कृषि ज्ञान केन्द्र रोल्पाबाट प्रतिक्षालय र खानेपानी निर्माण<br>• गैरीगाउँदेखि तीन बहिनी लेकसम्मको लागि सिँढी निर्माण र प्रतिक्षालय बनिरहेको |
| विकास गर्न सकिने सम्भावना | • केबलकार, पार्क निर्माण, पिकनि स्पट, प्रतिक्षालय<br>• गैरीगाउँदेखि तीन बहिनी लेकसम्म केबुलकार |

# परीक्षणमै फस्टायो किबी

❖ **बालाराम शेर्पाली**

भूमे गाउँपालिका वडा नं. ५ डालिबाङमा परीक्षणको रुपमा लगाएको किबी राम्रो फलेपछि यहाँका कृषकहरु किबी खेतीतर्फ आकर्षित भएका छन्। परीक्षणका रुपमा बारीमा लगाएको किबी लटरम्म फलेपछि उनीहरुले किबी खेतीतर्फ आकर्षण बढेको बताएका हुन्।

यस्तै किसानमध्ये एक हुन् भूमे गाउँपालिका वडा नं. ५ डालिबाङका कृषक मोहनसिंह पुन। उनले अहिले करिब १८ रोपनी जग्गामा किबी खेती गरेका छन्। २०७७ माघमा परीक्षणको रुपमा ५० बोट किबी लगाएका कृषक पुनले २ बर्षमै फल दिन थालेपछि अहिले थप ३ सय बोट किबी लगाएका छन्।

किबी खेतीको लागि करिब १० लाख लगानी गरिसकेका कृषक पुनले २ बर्षमै फल दिन्छ भन्ने कुरामा आफूलाई शुरुमा विश्वास नलागेको बताउँछन्। किबी खेती प्रबिधिको बारेमा अध्ययन गरेका पुनले आफु बस्दै आएको स्थान उँचाइको हिसाबले उपयुक्त हुने पत्ता लागेपछि खेती गर्न लागेको बताए। 'विभिन्न पुस्तक तथा युट्युव भिडियोमा किबी खेती प्रबिधिबारे अध्ययन गरें,' कृषक पुनले भने, 'धेरै स्थानमा रहेका किबी फर्महरुको अवलोकन पनि गरें अनि परीक्षणको रुपमा किबी लगाएको थिएँ। परीक्षणको रुपमा लगाएको बोटले राम्रै फल दिएपछि हौसिएको हुँ।'

यस बर्ष माघमा किबी फर्म बिस्तार तथा सुदृढीकरण कार्यक्रमअन्तर्गत एकीकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय रुकुमपूर्वले उनलाई १ लाख अनुदान सहयोग गरेको छ। पुनले पोथी जातको हेवार्ड, एलिसन बुरनो, रेड किबी, गोल्डेन र भाले जात अन्तर्गत टुमरो एलेसन जातका किबी लगाएका छन्। पुन मात्र होइन अहिले परीक्षणको रुपमा डालिबाङ आसपासको क्षेत्रमा धेरैले थोरै थोरै मात्रामा किबी खेती सुरु गरेका छन्। त्यसमध्येका एक डालिबाङकै निमबहादुर बुढाले करिब १ सय किबीका बोट लगाएका छन्। उनी पनि किबी खेतीलाई व्यावसायिक खेतीकै रुपमा लगाउने सोचमा रहेका छन्।




नाम : प्रकृति सुनार कक्षा : ६
श्री नमूना आधारभूत विद्यालय मोराबाङ



नाम : दिपक कँवर कक्षा : ७
श्री नमूना आधारभूत विद्यालय मोराबाङ

### बाल प्रतिभा स्तम्भका लागि अनुरोध

भाइबहिनीहरु, तपाईंहरुले चित्र बनाउँदा सेतो कागज (ह्वाइट पेपर) वा ड्रइङ पेपरमा बनाउनु होला। धर्सा भएको कापीमा बनाएको तस्बिर छाप्न योग्य हुँदैन। चित्रको तल सानो अक्षरमा आफ्नो नाम, उमेर, कक्षा र विद्यालयको नाम लेख्न नभुल्नुहोला।

**कविता**

# गुनासो किसानको

❖ **तारक रोका मगर**

आगो लगाई वनमा विनास गर्छु भन्ने नसोच
गरिबको टाउको माथि टेकी असल बन्न नखोज
भोकले जले तापनि यहाँ मार्दैनन् स्वाभिमान
आफ्नै श्रमले सबको भोक मेटाई गर्दैनन् अभिमान

जीउ पाल्छन् खेतीपाती गरेर हुँदैनन् बेइमान
कोही बन्न चाहदैन किन आज यहाँ किसान
म त भन्छु बन्दछु किसान बा पनि थे किसानी
हलो जोती खेती गरेर नै छोड्ने हो म निशानी

कहिले त दिक्क लाग्छ छैन यसमा सम्मान
बालक पनि छि भन्दै अन्नको गर्दैछ है अपमान
लिई पासपोर्ट गई विदेशमा पाल्दैछन् सब जहान
कहिले आउला खेल्दै हिलोमा रमाउने बिहान

काँधमा काँध जोडी गरौं खेती भाइ र भाई मिली
अन्धकारलाई चिर्दै ल्याउँ हामी उज्यालो झिलिमिली
अन्न भण्डार हुन्छ घरमा बाली हुने गराको
जागौं किसान भाइ बन्धुहरु खुसी छर्न धराको।

*भूमे गाउँपालिका वडा नं. ३, झुम्लाबाङ*
*(लेखक नमूना आधारभूत विद्यालय मोराबाङका शिक्षक हुनुहुन्छ।)*

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. यस वर्षको इच्छुक स्मृति पुरस्कार—२०७८ कसलाई प्रदान गरियो ?**

≅ प्रगतिवादी धाराका साहित्यकार रविकिरण निर्जीव र यज्ञबहादुर डाँगी (संयुक्त रूपमा) (जनयुद्धका क्रममा सहादत प्राप्त गरेका प्रगतिवादी धाराका साहित्यकार कृष्ण सेन इच्छुकको नाममा पुरस्कार स्थापना गरिएको । यो पुरस्कार इच्छुक सांस्कृतिक प्रतिष्ठानले हरेक वर्ष प्रगतिवादी साहित्य र कला क्षेत्रका साहित्यकार तथा कलाकर्मी एवं प्रतिभालाई प्रदान गर्दै आएको ।)

**२. नेपालमा दिगो आर्थिक विकास र मजबुत ग्रामीण अर्थतन्त्रद्वारा गरिबी निवारण गर्ने बलियो आधार केलाई मानिएको छ ?**

≅ कृषि

**३. क्लोरिन ग्यासको खोजकर्ता को हुन् ?**

≅ कार्ल-विलहेल्म शिले (सन् १७७४) (हरित पहेंलो रङ मिश्रित यो ग्यास औद्योगिक क्षेत्रमा प्रयोग हुन्छ साथै विषालु ग्यास हतियार बनाउनसमेत प्रयोग गरिन्छ ।)

**४. प्रसिद्ध गोकर्णेश्वर महादेव मन्दिर कहाँ रहेको छ ?**

≅ काठमाडौं (पितृतीर्थका रूपमा समेत प्रख्यात गोकर्णेश्वर महादेव मन्दिर काठमाडौंदेखि करिब १० किलोमिटर उत्तर-पूर्व बागमती नदी किनारमा रहेको ।)

**५. सरकारले नेपाल स्वच्छ वातावरण महाअभियान घोषणा कहिले गरेको हो ?**

≅ वि.सं. २०७५ असार २२

**६. कुन राष्ट्रले विश्वको पहिलो स्वच्छ वाणिज्य आणविक रिएक्टर बनाउन लागेको हो ?**

≅ चीन

**७. अल्पविकसित राष्ट्रको संयुक्त राष्ट्रसङ्घीय पाँचौं शिखर बठक कहिले र कहाँ आयोजना गरियो ?**

≅ सन् २०२३ फेब्रुअरी ५-९ (सम्पन्न र विपन्न राष्ट्रबीचको स्रोतसाधनको गहिरो खाडल कम गर्ने प्रयासस्वरूप संयुक्त राष्ट्रसङ्घद्वारा पाँच दशकअघि अल्पविकसित राष्ट्रको समूह (एलडीसी) गठन गरिएको थियो। आर्थिक सहयोग, व्यापार, बजार विशेषाधिकार र वित्तसम्मको सहज पहुँच प्रदान गर्न सो समूह निर्माण गरिएको। पाँच दशकअघि अल्पविकसित राष्ट्रको समूहमा रहेका २४ देशको सङ्ख्या यो अवधिमा बढेर ४६ पुगेका। भुटान सन् २०२३ मा एलडीसीबाट स्तरोन्नति हुने अपेक्षा गरिएको। बङ्गलादेश, लाओस, नेपाल, साओटोम एन्ड प्रिन्सेप र सोलोमन टापु सन् २०२६ सम्ममा एलडीसीबाट स्तरोन्नति भइसक्ने लक्ष्यका साथ अघि बढेका।)

**८. संयुक्त राष्ट्रसङ्घद्वारा युवा कार्यालय स्थापना गर्ने निर्णय कहिले भएको हो ?**

≅ सन् २०२२ सेप्टेम्बर ८ महासभाद्वारा संयुक्त राष्ट्रसङ्घको युवा कार्यालय स्थापना गर्ने प्रस्ताव पारित भएको।

**९. क्रोएसियामा औपचारिक रूपमा युरो मुद्रा कहिलेदेखि लागू भएको हो ?**

≅ सन् २०२३ जनवरी १ (क्रोएसिया युरो मुद्रा लागू गर्ने २०औं सदस्य राष्ट्र (ईयू)का रूपमा रहेको। यो राष्ट्र सन् २०१३ मा युरोपेली सङ्घमा प्रवेश गरेको।)

**१०. उत्कृष्ट फिफा वर्ष खेलाडी घोषित हुन सफल फुटबलर को हुन् ?**

≅ पुरुषतर्फ : लियोनल मेसी (अर्जेन्टिना) र महिलातर्फ : एलेक्सिया पुटेलास (स्पेन) (कतार विश्वकप विजेता अर्जेन्टिनाका कप्तान मेसीले सातौंपटक फिफा वर्ष खेलाडीको अवार्ड जितेका। स्पेनकी अलेक्सिया पुटेलास फिफा सर्वश्रेष्ठ महिला फुटबल खेलाडी घोषित। पुटेलास लगातार दोस्रो पटक उत्कृष्ट फिफा वर्ष खेलाडी चुनिन सफल। अर्जेन्टिनाकै प्रशिक्षक लियोनल स्कोलानी वर्षका उत्कृष्ट प्रशिक्षक एवं अर्जेन्टिनाकै इमिलियानो मार्टिनेज उत्कृष्ट गोलकिपर घोषित)

*संकलन/प्रस्तुतकर्ता: टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*

# कागजी बदाम : कसरी उत्पादन गर्ने ?



❖ पद्मनाथ आत्रेय

**पृष्ठभूमि** (Background) **:** रोसासी (Rosaceae) परिवारमा पर्ने पतझड प्रकृतिको कागजी बदामको वैज्ञानिक नाम Prunus amygdalus or Amygdalus communis हो। यसलाई नेपालमा मधेसी बदाम, चिनियाँ बदाम र कागजी बदामका नामबाट चिनिन्छ। कागजी बदामलाई सुक्खा फलफूलमा पर्ने नटहरूको राजा पनि भनिन्छ। यसको फलभित्र गेडा हुने चेरी, आरु, आरुबखडा र खुर्पानीजस्ता फलफूलजस्तै हुन्छ तर यो फलको अन्य फलफूलको जस्तो फलको बाहिरी भाग (Pericarp) प्रयोग गरिदैन केवल दिउली मात्र प्रयोग गरिन्छ। यसको उत्पत्ति दक्षिण पश्चिम र मध्य एसियाली देशका पहाडी भूभागमा भएको पाइन्छ।

मुख्यगरी यसको उत्पादन अमेरिका, इटाली, स्पेन, चीन, इरान, टर्की, ग्रिस, पाकिस्तान, अफगानिस्तान, अस्ट्रेलिया, दक्षिण अफ्रिका आदि देशहरूमा भएको पाइन्छ। नेपालको छिमेकी देश भारतको कश्मीर तथा हिमाञ्चल प्रदेशमा व्यावसायिक रूपमा यसको खेती भइरहेको छ जसले नेपालमा पनि यसको खेती सहजै गर्न सकिन्छ भन्ने अनुमान लगाउन सकिन्छ। विश्वको सबैभन्दा बढी कागजी बदामको खेती अमेरिकामा हुने गरेको छ जहाँबाट विश्वका करिब ८० देशहरूमा यसको निर्यात हुन्छ।

**नेपालमा कागजी बदामको वर्तमान अवस्था :** नेपालमा कागजी बदामको खेती व्यावसायिक रूपमा भएको छैन। करेसाबारी तथा अन्य फलफूल बगैंचामा मिसाएर यसको खेती गरेको पाइन्छ हाल युवा जनशक्ति यसको खेतीतर्फ

विशेष आकर्षित भएको पाइन्छ। उपयुक्त प्रविधि तथा दक्ष जनशक्तिको अभावका कारण बर्सेनी करोडौं रुपैयाँको कागजी बदाम आयात गर्नुपरेको छ। कृषि अनुसन्धानमा यसको अनुसन्धानप्रति त्यति ध्यान पुगेको छैन भने विश्वविद्यालयमा स्नातक तथा स्नातकोत्तरमा पढाइ हुँदा पनि यसलाई माइनर फलको रूपमा मात्र राखिनुले पनि प्राविधिकहरूलाई ज्ञानको कमी भएको छ। दिन प्रतिदिन यसको उपभोग गर्ने जमात बढ् दो छ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पछिल्लो तथ्याङ्क आ.व. २०७६/७७ का अनुसार यस वर्ष नेपालमा करिब ६० करोड मूल्य बराबरको कागजी बदाम आयात गरिएको छ।

हाल सरकारी स्तरमा राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरअन्तर्गत रहेको शीतोष्ण बागवानी विकास केन्द्र, मार्फा, मुस्ताङमा भइराखेको भए तापनि आशातीत रूपमा अन्य स्थानहरूमा विकास भएको छैन। मार्फा फार्म/केन्द्रमा दाँते र हाडे प्रजातिका कागजी बदामको कुल ४० वटा माउबोटहरू छन्। ने प्लस अल्ट्रा (Ne Plus Ultra) जातको दाँते कागजी बदामको १००० बिजु बिरुवा र ५०० कलमी बिरुवा यस वर्ष बिक्रीयोग्य रहेका छन्। अन्य हिउँदे फलहरूभन्दा केही अगाडि नै फागुन महिनातिर यसको फूल फुल्न थाल्दछ। त्यस्तै गरी सुख्खा फलफूल विकास केन्द्र, बैतडी तथा बागवानी अनुसन्धान केन्द्र, राजिकोट, जुम्लामा पनि कागजी बदामको कामको सुरुवात भएको छ।

**सम्भावनाहरू :**

- नेपालमा उपलब्ध विविध प्रकारका धरातलीय अवस्था तथा हावापानी।
- कागजी बदाम फल उच्च मूल्य जाने कृषिवस्तु भएको, उच्च पौष्टिक तथा औषधीय गुण रहेको।
- आन्तरिक खपत तथा विदेश निर्यातको प्रबल सम्भावना रहेको।
- हाललाई बजारको समस्या नभएको।
- आयात प्रतिस्थापन गरी निर्यात प्रवर्धन गर्न सकिने कृषिवस्तु।
- कृषकहरूको आर्थिक अवस्थामा छिटो सुधार ल्याउन सक्ने वस्तु।
- आन्तरिक रोजगारमा बढोत्तरी गर्न सक्ने कृषिवस्तु।

**चुनौतीहरू :** नौलो बाली भएकोले प्राविधिकहरूमा यसको खेतीमा ज्ञानको कमी छ। स्रोतकेन्द्रहरूको अभाव रहेको छ भने गुणस्तरीय बिरुवा तथा जातको पनि कमी रहेको छ। यस बालीमा अध्ययन र अनुसन्धान हुन सकेको छैन। ठाउँ सुहाउँदो उपयुक्त जातहरू सिफारिस गर्न सकिएको छैन्। कृषि प्राविधिकहरूभन्दा कृषकहरू यस बालीमा अगाडि बढिसकेको अवस्था रहेको छ।

**उपयोगिता**

- यसमा प्रशस्त मात्रामा क्यालोरी, प्रोटिन, कार्बोहाइड्रेट तथा चिल्लो पदार्थहरू पाइन्छ।
- यसको सुक्खा दिउली त्यसै खान सकिन्छ भने नुन मिसाएर, भुटेर, तारेर पनि खाने गरेको पाइन्छ।
- यसलाई चकलेट, आइसक्रिम तथा बेकरीका परिकारहरूमा मिसाएर पनि उपभोग गर्न सकिन्छ।
- यसबाट निकालिएको तेल कस्मेटिक्स, परफ्युम तथा साबुन बनाउन प्रयोग गर्न सकिन्छ।
- मधुमेहका बिरामीहरूको लागि यसबाट निकालिएको बटर लाभदायक हुन्छ।
- आयुर्वेदमा दिनहुँ २ दिउली खानाले कुनै पनि आँखाको समस्या नहुने बताइएको छ।
- शरीरमा भएको कोलेस्टोरेल घटाउनुका साथै मुटुलाई स्वस्थ राख्न मद्दत गर्दछ।
- यसको नियमित सेवनले मस्तिष्कको क्षमता बढाउँछ।
- क्यान्सरजस्ता खतरनाक रोगसँग लड्ने र प्रतिरोधात्मक क्षमता बढाउने शक्ति हुन्छ।

**वानस्पतिक गुण** (Vegetative Traits) **:** यसका विभिन्न प्रजातिअनुसार मझौलादेखि ठूला बोटहरू हुने गर्दछन् भने हाँगा फैलिएको र सीधा माथितिर जाने यसको प्रकृति हुन्छ। एक वर्षे बिरुवाको पात हल्का हरियो र खैरो मन्द रातो वर्णको हुन्छ तर उमेर बढ्दै जाँदा गाढा हरियो हुन्छ। पात करिब आरुको जस्तै गाढा हरियो र हल्का लाम्चो आकारको, भेट्नोतर्फ साँगुरो र लामो हुन्छ। सामान्यतया रूख मात्र हेरेर छुट्टयाउन गाह्रो हुन्छ। विशेष गरी २ देखि ५ वर्षको पुराना हाँगाहरूमा फूल फुल्ने गर्दछ तर कहिलेकाहीं एक वर्षे हाँगामा पनि फुलेको पाइन्छ। यसको फूल प्याजी रङ्गको हुन्छ भने भाले र पोथी अङ्ग एउटै फूलमा हुने (Hermaphrodite**)** प्रकृतिको हुन्छ। यसको फल ड्रुप (Drupe) वर्गमा पर्दछ।

**हावापानी** (Climate) **:** यसको खेती व्यावसायिक रूपमा सामुद्रिक सतहबाट १५०० देखि २५०० मिटरसम्म गर्न सकिन्छ। कागजी बदामले वसन्तको तुसारो सहन सक्छ तर सुख्खा सहन नसक्ने भएको कारण बिरुवाको फेदमा छापोको व्यवस्था गर्नुपर्दछ। गर्मी समयमा मध्यम तातो (२५-३०°c) र हिउँदको समयमा हल्कादेखि मध्यम हिउँ पर्ने चिसो मौसम भएको स्थान कागजी बदामको वृद्धि विकास तथा फल लाग्नको लागि उपयुक्त हुन्छ।

**माटो** (Soil) **:** प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थ भएको गहिरो, मलिलो र निकासको राम्रो व्यवस्था भएको माटो यसको वृद्धि र विकासका लागि आवश्यक पर्दछ। यसले केही मात्रामा अम्लीय माटो सहन सक्दछ।

**जातहरू** (Varieties) : नेपालमा प्रचलित कागजी बदामलाई मुख्य दुई वर्गहरूमा विभाजन गर्न सकिन्छ। ती हुन् दाँते र हाडे। हाडे कागजी बदामको दाँते कागजी बदामको तुलनामा पात चाक्लो र सेल कडा हुन्छ। अन्य जातहरूमा थिनसेल (Thin Shell), ने प्लस अल्ट्रा (Ne Plus Ultra), नोन पारेल (Non Pareil), Texas, Peerless, Macona, Merced, Ne Plus Ultra, Thompson, Vesta आदि मुख्य हुन्।

**परागसेचन** (Pollination) **:** कागजी बदाममा जेनेटिक इनकम्प्याटिविलिटीका कारण आफैंमा परागशेचन सक्दैन। तसर्थ पोलिनाइजर जातहरू हुन बीच बीचमा लगाउनु पर्दछ। बिरुवा रोप्दा हरेक तीन लाइनको बीचमा एउटा पोलिनाइजरका जातहरू (३३ प्रतिशत) लगाउनु पर्दछ। मौरीले परागशेचनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

**प्रसारण विधि** (Propagation) : कागजी बदाम बीउबाट पनि प्रसारण गर्ने गरेको पाइन्छ तर बीउबाट उत्पादित बिरुवाको क्रमशः जातीय शुद्धतामा ह्रास हुने भएकोले त्यति उपयुक्त मानिँदैन। मुख्यगरी यसमा ग्राफ्टिङ पुस-माघमा गर्ने गरिन्छ भने बडिङ असार साउनमा उपयुक्त हुन्छ। यसलाई टङ ग्राफ्टिङ, चिफ बडिङ तथा साइड ग्राफ्टिङ आदिबाट पनि प्रसारण गर्न सकिन्छ। बडिङ/ग्राफ्टिङ गर्दा जमिनको सतहदेखि करिब १०-१५ से.मी. माथि गर्नुपर्दछ। करिब १ देखि २ वर्षको सिसाकलम साइजको रुटस्टक कलमी गर्नका लागि उपयुक्त मानिन्छ।

**रोपण विधि** (Planting) **:** कागजी बदामको बगैंचा स्थापना गर्दा साधारणतया वर्गाकार प्रणालीमा जग्गाको रेखाङ्कन गर्नु उपयुक्त हुन् । एक बोटबाट अर्को बोट बीचको दूरी ठाउँ र योजनाअनुसार फरक फरक हुन सक्दछ। साधारणतया ६×६ मि., मध्यम उच्च घनत्व प्रणाली ४×४ मि. र उच्च घनत्व ३.५४३.५ मि. को फरकमा गर्नुपर्दछ भने खाडल १ ×१ ×१ मि. लम्बाइ, चौडाइ र गहिराइ हुनुपर्दछ। राम्रोसँग पाकेको गोबर मल/कम्पोस्ट मल प्रतिखाडल एक डोका बिरुवा रोप्नुभन्दा करिब १ महिना अगावै माटोमा राम्रोसँग मिलाएर राख्नुपर्दछ। बिरुवा हिउँदको समयमा

(पुस-माघ) महिनामा सामान्यतया डेढ वर्षको उमेरको बिरुवा रोपण गर्नुपर्दछ ।

**तालिम तथा काटछाँट** (Training and Pruning) **:** सुधारिएको नेता प्रणाली (Modified leader system) अनुसार यसलाई तालिम दिनु उपयुक्त हुन्छ। हरेक वर्ष पुस-माघको समयमा सुषुप्त अवस्थामा पुराना हाँगाहरूलाई काटछाँट गर्नुपर्दछ। बिरुवा रोप्ने समयमा धेरै ठूलो बिरुवा भएमा जमिनको सतहबाट करिब १ मिटर माथिबाट टुप्पो काट्नुपर्दछ। रोग लागेका र भित्र जेलिएका हाँगाहरूलाई हेरेर सुषुप्त अवस्थामा आरी र सिकेचरको प्रयोग गरेर हटाउन सकिन्छ।

**खाद्यतत्वको व्यवस्थापन** (Nutrient Management) **:** कागजी बदामलाई धेरै खाद्यतत्व चाहिन्छ। सिफारिस गरिएको अनुसार कम्पोस्ट मल र रासायनिक मल हालेमा उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ तर कति मल चाहिन्छ भन्ने कुरा ठाउँअनुसार, माटोको मलिलोपन अनुसार भर पर्दछ। तसर्थ खाद्यतत्वको व्यवस्थापन गर्नुपूर्व माटोको जाँच गरेर मात्र हाल्नु उपयुक्त हुन्छ। राम्रोसँग पाकेको कम्पोस्ट मल ३० केजी/बोट/वर्ष हिउँदमा काटछाँट गरेपश्चात् गोडमेलका क्रममा राख्नुपर्दछ। युरियालाई तीन पटक राख्नुपर्दछ जसमा पहिलो पटक आधा भाग युरिया, पूरा भाग डीएपी र पूरा भाग पोटास फूल फुल्नुभन्दा करिब एक महिनाअगाडि राख्नुपर्दछ भने दोस्रो पटक चार भागको एक भाग युरिया फल लागेको ३ हप्तापछि र तेस्रो पटक चार भागको एक भाग युरिया वैशाख-जेठ महिनामा हाल्नुपर्दछ। १.५-२ प्रतिशतको युरियाको घोल पातमा फोलियर स्प्रेको माध्यमबाट पनि दिन सकिन्छ जसले फल लाग्ने प्रक्रिया तथा बोटको वृद्धि विकास हुन मद्दत गर्दछ।

**सिंचाइ** (Irrigation) : बिरुवा रोपणपश्चात् नियमित रूपमा १०-१५ दिनको फरकमा माटो भिज्ने गरी सिंचाइ गर्नुपर्दछ। सिंचाइको लागि पाइपबाट नियमित रूपमा दिनुपर्दछ र पानीको कमी भएको ठाउँको लागि थोपा सिंचाइ एक सरल र भरपर्दो माध्यमका रूपमा लिन सकिन्छ। कागजी बदामको लागि पानी नभई नहुने (Critical stages) अवस्था भनेको फूल फुल्ने अवस्था र फलको विकास हुने अवस्था हुन्। त्यस बेला पानीको कमी हुन दिनु हुँदैन।

**बगैंचा व्यवस्थापन** (Orchard management) **:** बगैंचालाई सुरक्षित राख्नका लागि वरिपरि कम्पाउन्ड गर्नुपर्दछ। नियमित रूपमा बगैंचाको रेखदेख पुर्‍याउन सकेमा मात्र राम्रो उत्पादन लिन सकिन्छ। अत्यधिक हावा चल्ने ठाउँमा हावा रोक्ने बोटहरू (Windbreaks) लगाउनु पर्दछ। बगैंचामा फल फल्नुभन्दा अगावै तरकारी बालीहरू, कोसेबालीहरू तथा ससाना औषधिजन्य बालीहरू अन्तरबालीको रूपमा बोटको फेदभन्दा करिब १ मिटर टाढा लगाउन सकिन्छ तर अन्तरबाली लगाउँदा प्रशस्त मल तथा सिंचाइको व्यवस्था गर्नुपर्दछ।

**फल टिपाइ** (Harvesting) **:** बिक्रीवितरणका दृष्टिकोणबाट हेर्ने हो भने सुख्खा नट हरियोभन्दा बढी महत्वपूर्ण हुन्छ । सुक्खा फलहरू पूरा सुकेपछि फल फुटेको (करिब ५० प्रतिशत) अवस्थामा भदौ अन्तिम हप्तादेखि कात्तिक पहिलो हप्ता (Aug -Oct) सम्ममा टिप्न सकिन्छ तर फल फुट्नुभन्दा अगावै टिप्नुपर्दछ। फल टिपिसकेपश्चात् राम्रोसँग बोक्रा हटाएर सुकेपछि मात्र दिउली निकाल्नु पर्दछ।

**उत्पादन** (Yield) **:** उत्पादन विभिन्न कुराहरू जस्तै जात, हावापानी, बगैंचा व्यवस्थापन, रोग कीराको व्यवस्थापन जस्ता विविध कुराहरूमा निर्भर हुने कुरा हो तर साधारणतया छोडाएको कागजी बदाम करिब १०००-१५०० के.जी. प्रतिहेक्टर उत्पादन हुन सक्दछ।

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**प.सं.** (शिक्षा प्रशासन) ०७९/०८० **मितिः** २०७९/११/१९

**च.न**

**विषयः आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा-८) को समय तालिका सम्बन्धमा ।**

**श्री कक्षा-८, सञ्चालित विद्यालयहरु सबै,**
**भूमे गाउँपालिका, रुकुम (पूर्व) ।**

प्रस्तुत विषयमा आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९/११/१७ को बैठकको निर्णयानुसार भूमे गाउँपालिकास्तरीय सञ्चालन हुने आधारभूत तह उतीर्ण परीक्षा (कक्षा-८) को समय तालिका एवम् परीक्षासम्बन्धी अन्य निर्देशन तथा जानकारी देहायबमोजिम तय गरिएको हुँदा सोही बमोजिम गर्न/गराउनु हुनका लागि सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**तपसिलः-**

| क्र.स | मिति | विषय | बार | परीक्षा शुरु हुने समय |
|---|---|---|---|---|
| १ | २०७९/१२/०६ | अंग्रेजी | सोमबार | **विहान ११:०० बजे** |
| २ | २०७९/१२/०७ | नेपाली | मंगलबार | |
| ३ | २०७९/१२/०८ | गणित | बुधबार | |
| ४ | २०७९/१२/०९ | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा | विहिबार | |
| ५ | २०७९/१२/१० | स्वास्थ्य शारिरीक शिक्षा+पेशा व्यवसाय तथा प्रविधि शिक्षा | शुक्रबार | |
| ६ | २०७९/१२/१२ | विज्ञान तथा वातावरण शिक्षा | आईतबार | |
| ७ | २०७९/१२/१३ | कम्प्युटर शिक्षा + नैतिक शिक्षा | सोमबार | |

**निर्देशन तथा जानकारीः-**

- प्रश्न पत्र प्याकेट खोल्दा प्याकेटमा लेखिएको मिति र विषय राम्रोसँग जाँचबुझ गरी कम्तिमा ३ जनाको रोहवरमा केन्द्राध्यक्षले परीक्षा शुरु हुनु भन्दा अधिक्तम ३० मिनेट अगाडी मुचुल्का गरी खोल्नु पर्नेछ।
- प्रश्न पत्रको प्याकेट खोल्दा कुनै त्रूटि फेला परेमा सुरक्षित एवम् गोप्य राखी शिक्षा, युवा तथा खेलकुद शाखामा खबर गरी प्राप्त निर्देशन बमोजिम गर्ने/गराउने ।
- आधारभूत तह उत्तीर्ण परीक्षाको उत्तरपुस्तिकाहरु शिक्षा, युवा तथा खेलकुद शाखामा मिति २०७९/१२/१४ गते कार्यालय समय भित्र सिलबन्दी लाहाछाप लगाई पेश गर्नुपर्नेछ ।
- परीक्षाको दिन कुनै आकस्मिक विदा पर्न गएमा परीक्षा समितिको पूर्व सूचना विना परीक्षा स्थगित हुने छैन।

कौशल कुमार तिवारी
शिक्षा अधिकृत/शाखा प्रमुख

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**प.सं.** (शिक्षा प्रशासन) ०७९/०८० **मितिः** २०७९/११/१९

**च.नं**

**विषयः आधारभूत तह उत्तीर्ण परीक्षाको परिक्षा केन्द्र कायम गरिएको सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा आधारभूत तह उतीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७९/११/१७ को बैठकको निर्णयानुसार भूमे गाउँपालिका स्तरीय सञ्चालन हुने आधारभूत तह उतिर्ण परिक्षा (कक्षा-८) को परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको परीक्षा केन्द्र कायम गरीएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**तपसिलः-**

| **क्र.सं** | **परिक्षा केन्द्र** | **सहभागी हुने विद्यालय** |
|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय मा.वि. भूमे ९ चुनवाङ | ✓ श्री आधारभूत विद्यालय भूमे ९ सिमचौर |
| | | ✓ श्री नेपाल राष्ट्रिय माद्यमिक विद्यालय भूमे ९चुनवाङ |
| २ | श्री जनशक्ति मा.वि. भूमे ४ काँडा | ✓ श्री जनशक्ति माद्यमिक विद्यालय भूमे ४ काँडा |
| | | ✓ श्री नमूना आधारभूत विद्यालय भूमे ३ मोरावाङ |
| ३ | श्री त्रिवेणी मा.वि. भूमे २ काँक्री | ✓ श्री त्रिभुवन आधारभूत विद्यालय भूमे २ खावाङ |
| | | ✓ श्री त्रिवेणी माद्यमिक विद्यालय भूमे २ काँक्री |
| ४ | श्री सिद्धचौर मा.वि. भूमे १ लुकुम | ✓ श्री बराहा आधारभूत विद्यालय भूमे १ स्याला |
| | | ✓ श्री सिद्धचौर माद्यमिक विद्यालय भूमे १ लुकुम |
| ५ | श्री सरस्वती मा.वि. भूमे ८ सिमखोला | ✓ श्री सरस्वती माध्यमिक विद्यालय भूमे ८ सिमखोला |
| | | ✓ श्री बाल जनजागरण आवि भूमे ६ रिसालचौर |
| ६ | श्री जनजागृती मा.वि. भूमे ६ महत | ✓ श्री जनज्योती आधारभूत विद्यालय भूमे ७ धर्मशाला |
| | | ✓ श्री जनजागृती माद्यमिक विद्यालय भूमे ६ महत |
| ७ | श्री शहिद शुक्र मा.वि. भूमे ३ सिमा | ✓ श्री टक्सार आधारभूत विद्यालय भूमे ३ झुम्लावाङ |
| | | ✓ श्री शहिद वासु स्मृती नमूना आवि भूमे ३ क्याङ्सी |
| | | ✓ श्री शहिद शुक्र माद्यमिक विद्यालय भूमे ३ सिमा |
| ८ | श्री माद्यमिक विद्यालय भूमे ८ कुचिवाङ | ✓ श्री माद्यमिक विद्यालय भूमे ८ कुचिवाङ |
| | | ✓ श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय भूमे ८ कोर्जा |

कौशल कुमार तिवारी
शिक्षा अधिकृत/शाखा प्रमुख

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति २०७९/०७/१६ दोस्रो पटक प्रकाशित मिति २०७९/०९/२१

तेस्रो पटक प्रकाशित मिति २०७९/११/२३

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पशु सेवा केन्द्रको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिलका कार्यक्रम संचालनका लागि भूमे गाउँपालिकाअन्तर्गत रहेका कृषक समूह/समिति/कृषि सहकारी संस्था/ फर्म कम्पनीबाट यो सूचना प्रकाशित मितिले ७ औ दिन भित्र तोकिएको ढाँचामा व्यावसायिक योजना तथा देहायका कागजात सहित आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगेका वा म्याद सकिएपछि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने वेहोरा समेत जानकारी गराइन्छ।

**तपशिलः**

| क्र.स. | कार्यक्रम | संख्या | न्यूनतम शर्तहरु |
|---|---|---|---|
| १ | बंगुरको खोर सुधार कार्यक्रम | १ | प्रतिफर्म २ वा २ भन्दा बढी माउँ बंगुर पालन गरेको |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः**

१) रु १० को टिकट टाँस गरी अनुसूची-२ बमोजिमको निवेदन।

२) अनुसुची-३ बमोजिमको व्यावसायिक योजना।

३) कृषक समूह/समिति/कृषि सहकारी संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

४) सहकारी संस्थाको हकमा कृषि/पशुपालन व्यावसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपी।

५) कृषक समूह/समिति, कृषि फर्मको PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपी।

७) कार्यक्रम उपलब्ध गराउन उल्लेख गरिएको वडा कार्यालयको सिफारिस पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

८) कृषक समूह/समिति/सहकारी संस्थाको हकमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी बैठक बसेको निर्णयको प्रतिलिपी।

९) कृषक समूह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली (नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित) ।

१०) कार्यक्रम संचालन हुने स्थान र जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात (जग्गा धनी पूर्जा) वा भाडाको जग्गा भएकोमा कम्तिमा ५ बर्षको सम्झौता पत्र/करारनामा।

११) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुने छ।

नोटः निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस कार्यालयको Website www.bhumemun.gov.np र पशु सेवा केन्द्र तथा वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

चन्द्रसिंह श्रेष्ठ **(प्रमुख प्रशासकीय अधिकृत)**

## Invitation for Bid

# Bhume Rural Municipality

## Office of the Rural Municipal Executive

**Khabangbagar, Rukum (East)**

**Lumbini Province, Nepal**

***First Date of Publication: 2079/11/23 B.S (2023/03/07 A.D.)***

1. ***Bhume Rural Municipality*** **(BRMO),** ***Khabangbagar, Rukum (East)*** **invites e-bids from Nepalese eligible bidders for the below mentioned Contract under National Competitive Bidding Single-stage two envelope bidding procedures.**

| *S. N.* | *Description of Works* | *Contract ID* | *Average Annual Turnover* | *Specific Nature of Similar Work Experience* | *Bid Document Fee* | *Bid Security Amount (NRs.)* | *Bid Submission Last Date & Time* | *Bid Opening Date & Time* |
|---|---|---|---|---|---|---|---|---|
| *1.* | Construction of 500 MT Capacity Cold store at Ratuwamare | EGP/BRMO/ NCB/CS/W-13/2079-80 | NRs.3,70,00,000\|- (Three Crore Seventy lakh Only) | NRs. 3,17,00,000\|- (Three Crore Seventeen Lakh Only) | NRs. 5,000\|- (Five thousand only) | NRs. 14,87,000\|- (Fourteen Lakh Eighty-seven thousand only) | 2079/12/23 B.S (2023/04/06 A.D) on 12:00 Noon | 2079/12/23 B.S (2023/04/06 A.D) on 15:00 |

| Description | A/c Name | A/c No. | Name Bank | Name of Office |
|---|---|---|---|---|
| For Bid Doc. Fee | GA 1.1 Bhume Ga.Pa Aantarik Rajaswa Khata | 0780100000001202 | Citizens Bank International Ltd., Bhume Branch | Bhume Rural Municipality, Khabagbagar, Rukum (East) |
| For Bid Security | GA 3 Bhume Ga.pa. Dharauti Khata | 0780100000030201 | | |

2. **Bids must be valid for a period of** ***90 days*** **after bid opening and must be accompanied by a bid security amounting to a minimum of** ***the above-mentioned amount*** **which shall be valid for 30 days beyond the validity period of the bid.**
3. **A complete set of Bidding Documents may download and submit bids through PPMO e-GP system www.bolpatra.gov.np/egp.**
4. **All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act, 2063 including all amendments.**
5. ***Bhume Rural Municipality Office (BRMO)*** **reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.**

**Chief Administrative Officer**

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔँ ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौँ ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौँ, आफ्नो घर आँगन सफा राखौँ र फोहरको उचित व्यवस्थापन गरौँ ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौँ ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔँ ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔँ, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔँ ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौँ ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौँ र गराऔँ ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौँ ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔँ ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौँ ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौँ ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौँ ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौँ ।
- प्लास्टिक जथाभावी नफालौँ, प्लास्टिकको न्यून प्रयोग गरौँ, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौँ ।